साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०७६/०७७ | प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal
च.नं.: | मिति :२०७६/११/२१

विषय : **आधारभूत तह उत्तिर्ण (कक्षा-८) परीक्षा सम्बन्धमा ।**

**श्री कक्षा ८ सञ्चालन भएका सबै विद्यालयहरु,**
**साँगुरीगढी गाउँपालिका, धनकुटा ।**

प्रस्तुत विषयमा कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धमा यस कार्यालयको मिति २०७६/११/०६ को परिपत्र अनुसार सुचना गरिएको परीक्षा तालिका संशोधन गरी निम्नानुसार गर्ने निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुनको साथै परीक्षा सम्बन्धी अन्य निर्देशन निम्नानुसार तय गरिएको हुँदा सोहि अनुसार गर्नु गराउनु हुन जानकारीको लागि अनुरोध छ ।

**१. आधारभूत तह उत्तिर्ण परीक्षा २०७६ निम्नानुसारको कार्य तालिका अनुसार गर्ने,**
**परीक्षा समय : दिनको १.०० बजे**

| क्र.सं. | मिति | बार | विषय | कैफियत |
|---|---|---|---|---|
| १. | २०७६/११/२८ | बुधबार | अंग्रजी | |
| २. | २०७६/११/२९ | बिहिबार | नेपाली | |
| ३. | २०७६/११/३० | शुक्रबार | गणित | |
| ४. | २०७६/१२/०१ | शनिबार | विज्ञान | |
| ५. | २०७६/१२/०२ | आइतबार | सामाजिक | |
| ६. | २०७६/१२/०३ | सोमबार | पेशा व्यवसाय | |
| ७. | २०७६/१२/०४ | मंगलबार | स्वास्थ्य तथा शारीरिक शिक्षा | पहिलो सिफ्ट |
| | | | नैतिक शिक्षा | दोश्रो सिफ्ट |
| ८. | २०७६/१२/०५ | बुधबार | स्थानीय विषय | |

२. एकै दिन दुई विषयको परीक्षा हुने दिनको हकमा पहिलो सिफ्टमा स्वास्थ्य तथा शारीरिक शिक्षा र दोश्रो सिफ्टमा नैतिक शिक्षाको परीक्षा सञ्चालन गर्नु पर्नेछ ।
३. अन्य कक्षाहरुको बार्षिक परीक्षा मिति २०७६/१२/०५ गते भित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

(सूर्यबहादुर भण्डारी)
**प्रमुख प्रशासकीय अधिकृत**

साँगुरीगढी गाउँपालिका
Sanguirigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta


प.सं. २०७६/०७७

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal

**परीक्षा सम्बन्धी निर्देशनहरु :**

१. सम्बन्धित विद्यालयलाई परीक्षा केन्द्र र सोही विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको छ ।

२. प्रश्नपत्रको प्याकेट खोल्दा प्याकेटमा लेखिएको मिति र विषय राम्रो सग जाँच गरी ३ जनाको रोहोवरमा परीक्षा शुरु हुनु भन्दा ३० मीनेट अगाडी मुचुल्का गरी केन्द्राध्यक्षले खोल्नु पर्नेछ ।

३. प्रश्नपत्रमा कुनै त्रुटी फेला परेमा सुरक्षित एवं गोप्य राखी साँगुरीगढी गाउँपालिका शिक्षा शाखामा खवर गरी प्राप्त निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

४. परीक्षा समितिको पूर्व सूचना विना आकस्मिक विदा पर्न गएमा पनि परीक्षा स्थगित हुने छैन ।

५. विद्यालयहरुले यस कार्यालयबाट उत्तरपुस्तिका मार्क लेजर लगायतका सामाग्रीहरु बुझी लिनुपर्नेछ ।

६. विद्यालयहरुले परीक्षा समाप्त भएपछि उत्तरपुस्तिकामा गणना गरी रजिष्ट्रेसन नंम्बरका आधारमा शिलशिलेबार रुपमा मिलाई गोप्य रुपमा प्याकिङ्ग गरेर प्रथम पटक मिति २०७६/१२/०३ भित्रमा अघिल्लो चार दिनको र दोश्रो पटक परीक्षा समाप्त भएको भोली पल्ट उत्तरपुस्तिकाहरु यस कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

७. विशिष्टीकरण तालिका बमोजिम सम्पूर्ण विद्यालयहरुले प्रयोगात्मक परीक्षा सञ्चालन गरी दिएको लेजरमा अंक प्रविष्ट गरी मिति २०७६/१२/०६ भित्रमा अनिवार्य रुपमा यस कार्यालयको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

८. विद्यार्थीहरुले हासिल गरेको अंकलाई परीक्षा समितिले Grade system मा रुपान्तरण गरी ग्रेड सिट र ग्रेड लेजर उपलव्ध गराइनेछ ।

९. कुनै विद्यालयमा पठाइएका प्रश्नपत्र कुनै कारणबश नपुग भएमा मुचुल्का उठाई प्रश्नपत्रलाई फोटोकपी गरेर समेत सञ्चालन गर्न सकिनेछ ।

१०.प्रश्नपत्र लगायतका अन्य सामाग्रीहरु केन्द्राध्यक्षले सम्बन्धित विद्यालयको पत्र सहित मिति २०७६/११/२७ गते यस कार्यालयबाट बुझिलिनुपर्नेछ ।

११. परीक्षा सम्बन्धी कुनै समस्या परेमा निम्न नम्वरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नम्बर** : ९८५२०६१९४०, ९८४२२२१३७६

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत